# मध्यपूर्व तनाव थप बढ्दै, अमेरिका सैनिक थप्दै

एजेन्सी
दुबई, ७ चैत

मध्यपूर्वमा तीन सातादेखि बढ्दो युद्धको बीचमा इरानले आफ्नो आक्रमणलाई विश्वव्यापी पर्यटन र मनोरञ्जन स्थलमा फैलाउने धम्की दिएको छ। त्यसैबीच, अमेरिकाले यस क्षेत्रमा थप युद्धपोत र सैनिक पठाउने घोषणा गरेको छ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा उनको प्रशासन यस क्षेत्रको सैन्य अभियानलाई क्रमशः घटाउने विकल्पमा विचार गरिरहेको बताएका छन्। तेलको मूल्यमा वृद्धि र अमेरिकी सेयर बजारमा गिरावट आएपछि यस्तो मिश्रित सन्देश आएको हो।

यसैबीच, इजरायलल इरानले शनिबार बिहान पुनः मिसाइल आक्रमण जारी राखेको छ भने साउदी अरेबियाले केही घण्टाभित्रै २० ड्रोन निष्क्रिय पारिएको जनाएको छ। त्यस क्षेत्रमा मुख्य तेल प्रतिष्ठानहरू रहेका छन्। कुनै मानव क्षति वा संरचनागत हानि भने भएको छैन।

इरानले आक्रमणलाई बढाउँदै आफ्नो खाडी छिमेकीमा असर पुऱ्याइरहेको छ, जबकि हर्मुज जलमार्गमा व्यापार नियन्त्रण जारी राखेको छ। यो मार्ग विश्वको तेल र अन्य महत्वपूर्ण वस्तुहरूको लगभग पाँचौं हिस्सा बोक्ने मार्ग हो।

इरानी सर्वोच्च नेता मोज्तबा खामेनीले नवरोज पर्वको अवसरमा राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी र इजरायली आक्रमणहरू असफल भएको बताए। उनले इरानी जनताको दृढतामा प्रशंसा गरे।

इरानी सेनाका उच्च अधिकारीहरूले 'विश्वका पार्क, मनोरञ्जन क्षेत्र र पर्यटन स्थलहरू' देशका शत्रुका लागि सुरक्षित नहुने चेतावनी दिएका छन्। यसले इरानले मध्यपूर्व बाहिर पनि आक्रमण गर्ने सम्भावना कायम राखेको देखाउँछ।

अमेरिकाले इरानी तेलमा केही प्रतिबन्ध हटाउने घोषणा पनि गरेको छ, जसले मूल्य नियन्त्रण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ। तर उत्पादनमा वृद्धि नभएपछि तेलको आपूर्ति र मूल्यमा ठूलो असर नपर्ने देखिन्छ।

युद्धमा हालसम्म इरानमा एक हजार ३ सयभन्दा बढी, इजरायलमा १५ र पश्चिम बैङ्कमा चार नागरिकको मृत्यु भएको छ। अमेरिकी सेनाका कम्तीमा १३ सदस्यको पनि मृत्यु भएको छ। इरान तनावबीच संयुक्त राज्य अमेरिका लाई बेलायतको सैन्य सहयोग




बेलायतले संयुक्त राज्य अमेरिकालाई हर्मुज क्षेत्रमा हुने आक्रमणका लागि आफ्ना सैन्य अड्डाहरू प्रयोग गर्न अनुमति दिएको छ। यसबारे डाउनिङ स्ट्रिटले सार्वजनिक गरेको वक्तव्यमा जानकारी दिएको हो।

वक्तव्यअनुसार हर्मुज क्षेत्रमा जहाजहरूलाई लक्षित गरी भइरहेका आक्रमणमा प्रयोग भएका मिसाइल स्थल र क्षमताहरू कमजोर बनाउन यस्तो कदम चालिएको हो। साथै बेलायतले अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर सो क्षेत्रमा अन्तर्राष्ट्रिय जल यातायात सुरक्षित गर्ने योजना बनाइरहेको जनाएको छ।

यद्यपि, बेलायतले आफू 'ठूलो द्वन्द्वमा तानिन नचाहेको' स्पष्ट पारेको छ।

यसैबीच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले बेलायती समकक्षीलाई चेतावनी दिँदै अमेरिका र इजरायलको इरानविरुद्धको आक्रमणमा सहयोग नगर्न आग्रह गरेका छन्। उनले यस्तो सहयोगले क्षेत्रीय तनाव थप चर्काउने बताए।

गत २८ फेब्रुअरीमा इजरायल र संयुक्त राज्य अमेरिकाले संयुक्त रूपमा तेहरान सहित इरानका विभिन्न सहरहरूमा आक्रमण गरेका थिए। सो आक्रमणमा अली खामेनेई सहित उच्च सैन्य अधिकारी र सर्वसाधारणको मृत्यु भएको थियो। लत्यसपछि इरानले जवाफस्वरूप इजरायल र मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणहरू गरेको जनाएको छ।

इरानद्वारा संयुक्त अरब इमिरेट्सलाई आफ्नो क्षेत्रबाट इरानविरुद्ध आक्रमण गर्न नदिन चेतावनी

इरानी सेनाले शनिबार संयुक्त अरब इमिरेट्सलाई रणनीतिक स्ट्रेट अफ होर्मुज नजिकैका विवादित टापुमा आफ्नो क्षेत्रबाट आक्रमण गर्न नदिन चेतावनी दिएको छ।

इरानी सेनाले विज्ञप्ती जारी गर्दै यदि संयुक्त अरब इमिरेट्सको क्षेत्रबाट इरानविरुद्ध कुनै आक्रमण भयो भन, इरानले संयुक्त अरब इमिरेट्समा आक्रमण गर्ने चेतावनी दिएको छ। अबु मुसा र ग्रेटर टुनब टापुहरू, जुन इरानद्वारा नियन्त्रित छन् भने लामो समयदेखि दुई देशहरू बिच विवादको विषय बनेका छन्।

यी टापुहरू होर्मुज जलक्षेत्रको प्रवेशद्वार नजिकै खाडीमा अवस्थित छन्, जसबाट सामान्यतया विश्वको तेलको अधिकाशं भाग निर्यात हुन्छ। हाल चर्किरहेको क्षेत्रीय युद्धले समुद्री यातायात अवरुद्ध भएको छ, जुन २८ फेब्रुअरीमा इरानमा अमेरिका र इजरायलीको संयुक्त आक्रमणबाट सुरु भई मध्यपूर्वमा फैलिएको छ।

इरानले खाडी मुलुकहरूलाई अमेरिकी सेनालाई आफ्नो क्षेत्रबाट इरानविरुद्ध आक्रमण गर्न दिएको आरोप लगाउदै ती देशहरूमा रहेका अमेरिकी निकाय विरुद्ध मिसाइल तथा ड्रोन आक्रमणहरू सुरु गरेको छ।

अमेरिकाले हर्मुजमा जारी ढुवानी अवरोधको बीचमा आपूर्ति अभावलाई सम्बोधन गर्न ३० दिनका लागि समुद्र क्षेत्रमा इरानी तेलमा अस्थायी प्रतिबन्ध हटाउने अनुमति जारी गरेको छ।

अमेरिकी विदेश विभागद्वारा जारी गरिएको अनुमति शुक्रबारदेखि जहाजहरूमा लोड गरिएको इरानी मूलको कच्चा तेल र पेट्रोलियम पदार्थको ओसारपसार र बिक्रीलाई अनुमति दिएको छ।

सम्बन्धित जहाजहरूको सुरक्षित स्थानान्त्रण चालक दलका सदस्यहरूको स्वास्थ्य वा सुरक्षाको संरक्षण, आपतकालीन मर्मत र वातावरणीय संरक्षणका साथै विभिन्न सेवाहरूका लागि पनि अनुमति दिइएको जनाइएको छ।

अनुमतिमा लेनदेनहरूमा संयुक्त राज्य अमेरिकामा इरानी मूलको कच्चा तेल र पेट्रोलियम उत्पादनहरूको आयात समावेश रहेको छ। अस्थायी तथा छोटो अवधिको प्राधिकरण कडाइका साथ तेलमा सीमित छ जुन पहिले नै पारवहनमा छ र नयाँ खरीद वा उत्पादनलाई अनुमति नदिने अमेरिकी स्रोतले जनाएको छ।

वासिङ्टनले यस अघि नै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको सहयोगमा आपतकालीन तेल भण्डार अतिरिक्त रूसी र भेनेजुएलाको तेलमा प्रतिबन्धहरू कम गरिसकेको छ। संयुक्त राज्य अमेरिका, इजरायल र इरान बीचको युद्ध तीन हप्तासम्म चलेको छ, जसले स्ट्रेट अफ होर्मुज हुँदै ढुवानीलाई गम्भीर अवरुद्ध गरेको छ।

संयुक्त राष्ट्रसंघ मध्यपूर्वमा तनाव कम गर्ने प्रयासको समर्थन गर्न तयार : महासचिव गुटेरेस

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वमा तनाव कम गर्न र होर्मुजको जलक्षेत्रको सुरक्षा सुनिश्चित गर्ने हरेक प्रयासमा संयुक्त राष्ट्रसंघ सहयोग गर्न तयार रहेको बताएका छन्।

उनले संयुक्त राष्ट्रसंघले यसअघि 'ब्ल्याक सी' मा सुरक्षा सुनिश्चि गरी अवस्था सहज बनाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै यसको परिणम स्वरुप सन् २०२२ जुलाईमा सुरु हुने मानवीय कोरिडोर मार्फत युक्रेनी निर्यातलाई सक्षम बनाएको जनाएका छन्।

गुटेरेसले हर्मुजको जलक्षेत्रमा सहज निर्यातको अवस्था सिर्जना गर्ने मुख्य उद्देश्यका साथ संयुक्त राष्ट्रसंघले हाल खाडीका प्रमुख निकायका साथै युरोपेली परिषदसँग समन्वय गरिरहेको बताउनु भएको छ।

उनले यस सन्दर्भमा संयुक्त राष्ट्र सहयोग गर्न इच्छुक र तत्पर रहेको जनाउदै यस्ता प्रयासहरू व्यवस्थापन गर्न संयुक्त राज्य अमेरिका र अन्य साझेदारहरूसँगको प्रत्यक्ष सहकार्यमा सक्रिय रहने पुष्टि गरेका छन्।

# नासाको 'ओरियन' रकेट फेरि प्रक्षेपणस्थलमा

एजेन्सी
लस एन्जलस, ७ चैत

नासाले आफ्नो आगामी चन्द्र अभियानका लागि 'स्पेस लन्च सिस्टम' (एसएलएस) र 'ओरियन' अन्तरिक्ष यान लाई पुनः प्रक्षेपण स्थलमा ल्याएको छ।

यी दुबै संरचना केनेडी स्पेस सेन्टर, फ्लोरिडामा रहेको भेहिकल एसेम्बली बिल्डिङबाट करिब ६ दशमलव ४ किलोमिटर दूरी तय गर्दै प्रक्षेपण स्थलसम्म पुऱ्याइएको हो।

शुक्रबार बिहान १२:२० बजे (स्थानीय समय) यात्रा सुरु भएको यो प्रक्रिया करिब ११ घण्टापछि सम्पन्न भएको थियो।

नासाका टोलीहरू अहिले अन्तिम चरणको प्रक्षेपण तयारीमा जुटेका छन्। आगामी आर्टेमिस २ मिशनको प्रक्षेपण झ्याल १ अप्रिलदेखि ६ अप्रिलसम्म रहने तय गरिएको छ। यसअघि २१ फेब्रुअरीमा गरिएको 'वेट ड्रेस रिहर्सल' (अन्तिम परीक्षण) क्रममा रकेटको माथिल्लो भागमा हिलियम प्रवाह हुन नदिने समस्या देखिएको थियो। त्यसपछि मर्मतका लागि रकेट र अन्तरिक्ष यानलाई पुनः एसेम्बली भवनमा फर्काइएको थियो।

मर्मतका क्रममा इन्जिनियरहरूले विभिन्न प्रणालीहरू पुनः परीक्षण तथा अद्यावधिक गरेका छन्। यसमा नयाँ फ्लाइट टर्मिनेसन सिस्टम ब्याट्री सक्रिय पार्ने, विभिन्न चरणका ब्याट्रीहरू परिवर्तन गर्ने तथा ओरियनको लन्च एबोर्ट सिस्टमका ब्याट्री चार्ज गर्ने काम गरिएको छ।

यसका साथै, मुख्य चरणको तरल अक्सिजन लाइनको सिल परिवर्तन गरिएको छ र अक्सिजन आपूर्ति प्रणाली पुनः जडान गरी परीक्षण गरिएको नासाले जनाएको छ। आर्टेमिस २ मिशनअन्तर्गत चार अन्तरिक्षयात्रीलाई करिब १० दिनको यात्रामा चन्द्रमाको परिक्रमा गराएर पुनः पृथ्वीमा फर्काइनेछ। यसमा रीड वाइसम्यान, भिक्टर ग्लोभर, क्रिस्टिना कोच र जेरेमी ह्यान्सन सहभागी रहनेछन्।

■ भियतनाम निर्वाचन

# गैरकम्युनिस्ट पार्टीका १८ सांसद निर्वाचित

एजेन्सी
हनोई, ७ चैत

भियतनामको ५ सय सदस्यीय संसदमा गैर-कम्युनिस्ट पार्टीका १८ सदस्यहरू निर्वाचित भएका भियतनामले शनिबार घोषणा गरेको छ। भियतनामको नेसनल एसेम्ब्ली देशको शीर्ष विधायिका निकाय हो, तर यसले मुख्यतया सत्तारुढ कम्युनिस्ट पार्टीले गरेका निर्णयलाई अनुमोदन गर्दछ।

मतदाताहरूले आइतबार आफ्नो मतदान गरे र शनिबार आधिकारिक परिणामले केवल १८ निर्वाचित व्यक्ति गैर-कम्युनिस्ट पार्टीका सदस्य भएको देखिएको छ। पाँच बर्ष पहिले भएको चुनावमा यो संख्या केबल १४ थियो।

संसदीय उप-मामिला समितिका उपाध्यक्ष ता थी येनले वृद्धिलाई 'मामुली' कुरा बताउँदै भने, 'यसले लोकतन्त्र र नेसनल एसेम्ब्लीमा प्रतिनिधित्वको अर्थपूर्ण विस्तारलाई संकेत गर्दछ।'

सरकारका अनुसार भियतनामका सात करोड ६० लाख मतदाताहरूमध्ये ९९ प्रतिशतभन्दा बढीले आफ्नो मताधिकार प्रयोग गरेका छन्। यो सहभागी संख्या अत्यधिक उच्च हो।

करिब १० करोड जनसंख्या भएको दक्षिणपूर्वी एसियाली राष्ट्र भियतनाम आर्थिक सफलताको कथा हो, गत वर्ष आठ प्रतिशतको वृद्धि भएको सरकारी तथ्यांकले देखाएको छ।

अर्को महिना बस्ने पहिलो बैठकले नयाँ संसदको पहिलो कार्यहरूमध्ये एक जनवरीमा दुई दशकको कंग्रेसमा पार्टीले पहिले नै चयन गरेका पार्टीका वरिष्ठ नेताहरूलाई अनुमोदन गर्नेछ। यसअघि पार्टीको बैठकले शीर्ष नेता टु लामलाई महासचिवको रूपमा पुनः अनुमोदन गरेको थियो। उनी राष्ट्रपति पनि बन्ने अपेक्षा गरिएको छ। यो पदका लागि सांसदहरूको अनुमोदन आवश्यक पर्दछ।


पष्ठ १ बाट क्रमश:


## 'जेनजीहरू नारामा,...

जेनजी अभियन्ता रक्षा बमसहितका युवाहरू संगठि रूपमा दबाबमा उत्रिए पनि सरकारले प्रतिवेदन किन सार्वजनिक नगरेको भनेर मुख खोलेको छैन।

गृहमन्त्रीसहित अधिकांश मन्त्रीहरू सरकारले पाएको म्यान्डेट सकिएकाले अब बन्ने सरकारले नै प्रतिवेदन सार्वजनिक गर्ने, कार्यान्वयन गर्नेलगायतका काम गर्ने भन्दै पन्छिइरहेका छन्।

तर सरकारले प्रतिवेदन ग्रहण गर्ने, मन्त्रीलाई सांसदमा सिफारिस गर्नेलगायतको निर्णय भने निर्वाचनको परिणामसमेत घोषणा भएपछि भएको हो।

सरकारले कार्की आयोगको प्रतिवेदनलाई पनि अघिल्ला आयोगको प्रतिवेदनझैं गुमनाम बनाउने देखिएको भन्दै अभियन्ताहरूले शनिबार पनि माइतीघर मण्डलामा प्रदर्शन गरेका छन्।

अभियन्ताहरू 'जेनजीहरू नारामा आमा उता रारामा', 'जेनजी आन्दोलन खोलामा प्रतिवेदन बन्द झोलामा', कुन भ्रष्टलाई बेचिस् ? कार्की आयोगको प्रतिवेदन', 'कार्की आयोगको प्रतिवेदन तुरुन्त सार्वजनिक गर'जस्ता नारासहितको प्लेकार्ड बोकेर प्रदर्शनमा उत्रिएका छन्।

प्रदर्शनमा उत्रिएका अभियन्तामध्येकी रक्षा बमले जेनजी युवाहरूमाथि गोली हान्ने र सिंहदरबार जलाउने को थिए भनेर थाहा पाउनुपर्ने भन्दै प्रतिवेदन तत्काल सार्वजनिक गर्न दबाब दिन माइतीघरमा आन्दोलन सुरु गरिएको बताएकी छिन्।

माइतीघरमा भेला भएका अभियन्ताहरूले प्रधानमन्त्री जिम्मेवार बन्नुको सट्टा सरकारी खर्चमा देश दौडाहामा निस्किएको भन्दै आक्रोशसमेत व्यक्त गरेका छन्। उनीहरूले विगतका प्रतिवेदन जस्तै यो सरकारले पनि प्रतिवेदन लुकाएको भन्दै निर्णायक आन्दोलन थाल्ने चेतावनीसमेत दिएका छन्।

२३ र २४ भदौमा भएको घटनाबारे जाँचबुझ गर्न बनेको आयोगले प्रधानमन्त्री कार्कीलाई झन्डै १० हजार पृष्ठ लामो प्रतिवेदन बुझाउँदै तत्कालीन सरकार प्रमुखदेखि सुरक्षा अंगका प्रमुखसम्ममाथि अनुसन्धान गरी फौजदारी अभियोगमा कारबाही गर्नुपर्ने सिफारिस गरेको छ।

६ महिना लामो अध्ययनपछि आन्दोलनका क्रममा भएको हत्या र राष्ट्रिय सम्पदामाथिको आगजनी तथा ध्वंसमा संलग्नसमेतलाई कारबाहीको सिफारिस प्रतिवेदनमा गरिएको आयोगका सदस्यले बताएका छन्।

गोली हान्न आदेश दिने सिडिओ, प्रहरीका तत्कालीन भ्याली कमान्डरहरू, गोली हान्ने आदेश दिने फिल्ड कमान्डर, गोली चलेर ज्यान जाँदा पनि गोली चलाउन रोक्न आदेश नदिने गृहमन्त्रीदेखि प्रधानमन्त्रीसम्मलाई कारबाहीको सिफारिस गरेको आयोगका सदस्यहरू बताउँछन्। प्रतिवेदनमा २४ भदौमा सिंहदरबार, संसद् भवन, अदालतलगायतका भौतिक संरचना जलाउने, कैदीलाई भगाउन उत्प्रेरकको भूमिका निर्वाह गर्ने कार्यमा संलग्नलाई पनि गम्भीरदेखि सामान्य नसिहतसम्मको कारबाहीका लागि सिफारिस छ। यस्तो सिफारिसमा परेकाहरू कतिपय २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित भइसकेका व्यक्तिसमेत छन्।

## मल्लिक, लम्साल...

सो घटनामा संलग्न नागरिक उन्मुक्ति पार्टीका संस्थापक तथा संरक्षक रेशमलाल चौधरीलाई भने अदालतले दोषी ठहर गरिसकेको छ। दोषी ठहर भए पनि राष्ट्रपतिले सजाय माफी गरेका कारण उनी जेलमुक्त भएका छन्। तर २१ फागुनको चुनावमा भने निर्वाचन आयोगले उनलाई अयोग्य भनेको छ।

राष्ट्रिय सूचना आयोगले समेत सार्वजनिक गर्न आदेश दिएको यी प्रतिवेदन हालसम्म सार्वजनिक भएन। तत्कालीन नेकपा माओवादी केन्द्रका नेता कृष्ण केसीले प्रतिवेदन सार्वजनिक गर्न आदेश माग्दै राष्ट्रिय सूचना आयोगमा दिएको निवेदनपछि आयोगले प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई आदेश दिएको थियो। तर, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न आयोगले दिएको आदेशविरुद्ध तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले सर्वोच्च अदालतमा पुनरावेदन गरेपछि हालसम्म यो विषय अदालतमा विचाराधीन छ। २०७८ सालदेखि अदालतले यो विवादको अन्तिम छिनोफानो नगरेका कारण प्रतिवेदन सार्वजनिक गर्ने या नगर्ने विषय अड्किएको सरकारी अधिकारीहरूको दाबी छ।

सरकारले भने अदालतमा विचाराधीन भएको कारण देखाउँदै यी प्रतिवेदन कार्यान्वयन गर्न आनाकानी गर्दै आएको छ। २०५८ सालमा गठित उच्चस्तरीय सम्पत्ति जाँचबुझ न्यायिक आयोगको प्रतिवेदनसमेत सरकारले सार्वजनिक गरेको छैन।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित यो आयोगले बुझाएको प्रतिवेदनलाई सार्वजनिक गर्न नमिल्ने निर्णय नै गरेर सरकारले गोप्य राखेको छ। यो प्रतिवेदन सार्वजनिक गर्न पनि राष्ट्रिय सूचना आयोगले आदेश दिएको थियो। तर आदेशअनुसार सार्वजनिक गर्न नमिल्ने भन्दै सरकारले निर्णय नै गरेर अहिलेसम्म गोप्य राखेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन उपसचिव तथा सूचना अधिकारी शंकर केसीले व्यक्तिगत गोपनीयता र व्यक्तिको सम्पत्तिको गोपनीयता हनन हुने कारण देखाएर सार्वजनिक पदमा बसेका व्यक्तिले आर्जन गरेको अकुत सम्पत्तिसम्बन्धी प्रतिवेदन नै गुपचुप पारिदिए। २०६९ सालमा भएको यो निर्णय उल्टाउने हिम्मत वर्तमान प्रधानमन्त्री सुशीला कार्कीसमेतले गरिनन्।

## परम्परागत...

उनका अनुसार प्रतिवेदन विस्तृत अध्ययन गर्न नभ्याए पनि तत्कालीन सरकार प्रमुख, गृहमन्त्री, सुरक्षा निकायका प्रमुख र फिल्डमा खटिएका सुरक्षाकर्मीले गम्भीर मानवअधिकार उल्लंघन गरेको आयोगको अनुसन्धान प्रतिवेदनको निष्कर्ष छ।

## महत्त्वपूर्ण...

संविधानको धारा २८४ को उपधारा ३ मा संवैधानिक परिषदले प्रधानन्यायाधीश या संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था छ।

यो व्यवस्थाअनुसार प्रधानन्यायाधीशको सिफारिस १८ फागुनअघि नै भइसक्नुपर्ने हो। तर सिफारिसको संवैधानिक 'डेडलाइन' सकिएको १ महिनामा पनि नियुक्तिको सम्भावना छैन।

प्रधानन्यायाधीशको नियुक्तिका लागि न्यायपरिषदले रोलक्रममा रहेका तीन जना न्यायाधीशको रोष्टर संवैधानिक परिषदमा पठाउनुपर्ने व्यवस्था छ। यसरी नाम प्राप्त भएपछि संवैधानिक परिषदको बैठक बसेर नियुक्तिका लागि सिफारिस गर्दै संसदीय सुनुवाइ विशेष समितिमा अनुमोदनका लागि नाम पठाउनुपर्ने व्यवस्था छ।

तर संवैधानिक परिषद्को गठनदेखि संसदीय सुनवाइ विशेष समितिसम्म बन्न अझै कम्तीमा १५ दिन लाग्ने देखिएको छ। प्रधानन्यायाधीशको अध्यक्षतामा गठन हुने संवैधानिक परिषदमा प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रमुख प्रतिपक्षी दलका नेता र प्रधानन्यायाधीश सदस्य हुन्छन्। तर प्रधानन्यायाधीश नियुक्तिको लागि बस्ने बैठकमा भने उनको स्थानमा कानुनमन्त्री सदस्य हुने व्यवस्था छ।

संवैधानिक परिषद् गठन हुन प्रधानमन्त्री चयनदेखि प्रतिनिधिसभाको सभामुख र उपसभामुख हुँदै कानुनमन्त्रीसम्मको चयन जरुरी छ। संघीय संसद् सचिवालयले १२ फागुनमा संसदहरूको शपथग्रहण तय गरेको छ भने १३ चैतमा प्रधानमन्त्रीले शपथग्रहण गर्दैछन्।

प्रधानमन्त्रीको शपथ र सरकार गठनले मात्र संवैधानिक परिषद् बस्न सम्भव छैन। सभामुख र उपसभामुखको निर्वाचनसँगै विपक्षी दलले संसदीय दलको नेता चयन गरेपछि बल्ल संवैधानिक परिषद् गठन हुन्छ।

संवैधानिक परिषद् गठन भएर सिफारिस भए पनि प्रतिनिधिसभाबाट संसदीय सुनुवाइ समिति बनेर सुनुवाइ गरी अनुमोदन नगरेसम्म प्रधानन्यायाधीश नियुक्ति असम्भव छ।

यसअघि पनि लामो समय न्यायपालिका कायममुकायमको भरमा चल्ने गरेको थियो। दुईतिहाइ नजिकको सरकार गठन हुँदै गर्दा प्रक्रियागत ढिलाइका कारण यसपटक पनि न्यायपालिकाले संवैधानिक प्रावधानअनुसारको समयमा प्रधानन्यायाधीश नपाउने निश्चित देखिएको हो।


**Notice**

This is to notify all concerned that the last Bidder name under Serial No. 3 in the notice published by **Road Division, Damauli** regarding 'Notice for Financial Opening' in Rajdhani Daily dated 2082/12/07 (B.S.) has been corrected to:
**B & B / Omlaxmi / Three B. JV, Kathmandu.**
All other details remain unchanged.



**Ratnanagar Municipality**
**Office of Municipal Executive**
Ratnanagar, Chitwan

**Invitation for Sealed Quotation**

The **Ratnanagar Municipality** invites electronic sealed quotations from registered Contractors for several projects listed below;

| S.No. | Description of Works/IFB No. | Estimated Amount (NRs.) (Without VAT & Contingencies but incl. PS) | Bid Invitation Date | Bid Submission Date | Bid Security (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Construction of Asphalt Road, Ward-03 & 13. (RAT/CHITWAN/Works/SQ/19/2082-2083) | 12,39,794.00 | 22-03-2026 | 06-04-2026 on or before 12:00 Noon | 31,000.00 |

Eligible Bidders may obtain further information and inspect the Sealed Quotation forms at the Office of Ratnanagar Municipality or may visit e-GP system i.e., www.bolpatra.gov.np/egp.



**Gulariya Municipality, Office of Municipal Executive**
**Gulariya, Bardiya**
**Lumbini Province Nepal**

**Invitation for Online Bid for Following Works**

**Date of publication: 2082/12/08(2026/03/22)**

1. The Gulariya Municipality, Office of Municipal Executive, Gulariya, Bardiya invites electronic Bids from Nepalese eligible bidders for the construction of following Works:

| SN | Contrac ID | Description of Works | Estimated Amount With Vat and PS | Bid Security Amount | Bid Doc. Cost |
|---|---|---|---|---|---|
| 1. | MG/W/NCB/GNP/07/2082/2083 | Construction of Asphalt Concrete Road From Balmandir School to Sagar Sharma's House, Gulariya- 5, Bardiya | 29,98,820.23 | 75,000.00 | 3,000.00 |
| 2. | MG/W/NCB/GNP/08/2082/2083 | Asphalt Overlay on Existing Pavement From Ganeshpur Chowk to Laxmana, Gulariya-11, Bardiya | 50,79,987.24 | 1,27,000.00 | 3,000.00 |

2. **Prebid Meeting Shall be Held at Gulariya Municiplaity, Office of Municipal of Execuitve, Gulariya, Bardiya at 1:00PM, 2082/12/27(2026/04/10) Bid Submission Deadline: 12 PM** on **2083/01/08/(2026/04/21) and Bid Opening Date: 1 PM** on **2083/01/08/(2026/04/21)**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gulariya municipality, Bardiya, telephone:084420412 and 9858022922 and facsimile number :084420200 and email address : arjun_lamsal2011@yahoo.com or may visit PPMO website www.bolpatra.gov.np and www.gulariyamun.gov.np .

**Chief Administrative Officer**